**Soaltee Hotel Limited**

★ ★ ★ ★ ★

# आर्थिक वर्ष २०७४/०७५ को प्रथम त्रैमासिक अवधिको प्रतिवेदन

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) संग सम्बन्धित**

**अनुसूची – १४**

सोल्टी होटल लिमिटेडको २०७४ आश्विन मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०७४/०७५ को प्रथम त्रैमासिक अवधिको लेखापरीक्षण नभएको (अपरिस्कृत) प्रतिवेदनः

## १. वित्तीय विवरण

(कम्पनीको हिसाब किताव इश्वी सम्बत् (अंग्रेजी महिना) अनुसार लेखांकन गरिने भएको हुंदा आर्थिक वर्ष २०७४/०७५ (२०१७/१८) को १६ जुलाई २०१७ देखि ३० सेप्टेम्बर २०१७ सम्मको अवधिको आर्थिक विवरण प्रस्तुत गरिएको छ।)

(क) आर्थिक वर्ष २०७४/०७५ को प्रथम त्रैमासिक अवधिको वासलात र नाफा नोक्सान सम्बन्धी विवरण :–
आर्थिक वर्ष २०७४/०७५ अन्तर्गत कम्पनीको ३० सेप्टेम्बर २०१७ मा समाप्त (१६ जुलाई २०१७ देखि ३० सेप्टेम्बर २०१७ सम्म) अवधिको तुलनात्मक वित्तीय विवरणहरु अनुसूची १ मा प्रस्तुत गरिएकोछ ।
प्रथम त्रैमासिक समीक्षा अवधिमा सम्बन्धित पक्षहरु बीच होटेलको नियमित व्यावसायिक कारोवार बाहेक अन्य कुनै कारोवार नभएको ।

(ख) आर्थिक वर्ष २०७४/०७५ को प्रथम त्रैमासिक अवधि, ३० सेप्टेम्बर २०१७ मा समाप्त भएको अवधिको लेखापरीक्षण नभएको प्रमुख वित्तीय अनुपातहरु :–

| विवरण | प्रथम त्रैमासिक अवधि ३० सेप्टेम्बर २०१७ को अन्त्यमा (लेखापरीक्षण नभएको) | अघिल्लो त्रैमासिक अवधि ३० जून २०१७ को अन्त्यमा (लेखापरीक्षण नभएको) | गत वर्षको त्रैमासिक अवधि ३० सेप्टेम्बर २०१६ को अन्त्यमा (लेखापरीक्षण नभएको) |
|---|---|---|---|
| प्रमुख वित्तीय सूचांकहरुः | | | |
| ऋण पूंजीको अनुपात | ०.०१ | ०.०१ | ०.०१ |
| शेयरधनीको शेयर पूंजी कोषको प्रतिफल | ०.०१ | ०.१३ | ०.०२ |
| प्रति शेयर आम्दानी (रु.) | ०.०६ | ३.१६ | ०.६० |
| प्रति शेयर नेटवर्थ (रु.) | २४.३८ | २३.९७ | २४.५९ |
| प्रति शेयर कुल सम्पत्तिको मूल्य (रु.) | ३३.६८ | ३३.५४ | ३६.५८ |
| प्रति शेयर बजार मूल्य (रु. १०/– प्रति शेयर) (रु.) | ३७०.०० | ३६१.०० | ४५८.०० |
| प्राइस अर्निङ्ग रेसियो (टाईम्स) | ६०६१.६३ | ११४.२७ | ७६४.८२ |
| चालु अनुपात | १.५९ | १.६२ | १.४७ |

## २. व्यवस्थापकीय विश्लेषण

(क) आर्थिक वर्ष २०७४/०७५ को प्रथम त्रैमासिक जुलाई, अगस्त र सेप्टेम्बर २०१७ को अवधिमा होटेलको हिमालयन विंग भवनको १७७ कोठाहरुको स्तरोन्नती तथा भित्री साजसज्जा गरी पुर्ननिर्माण कार्य तथा भर्टिकल साफ्ट (एचभिएसी तथा प्लम्बिङ पाइप लाईन) को पुर्ननिर्माण कार्यका लागि पूर्णतः बन्द गरिएकोले आर्थिक विवरणहरुमा उल्लेखित आम्दानी क्रियाशिल रहेका होटेलका जम्मा १०५ कोठाहरुको मात्र समावेश छ । चालु आर्थिक वर्ष २०७४/०७५ को प्रथम त्रैमासिकको समीक्षा अवधिको अत्यमा अर्थात ३० सेप्टेम्बर २०१७ सम्मका वित्तीय विवरणहरु अघिल्लो आर्थिक वर्षको सोही सोही अवधिसंग तुलनात्मक रुपले विश्लेषण गर्दा कम्पनीको कुल आय आर्जन ह्रास आएको छ ।
कम्पनीको प्रथम त्रैमासिक अवधिको कार्य सम्पादनलाई गत आर्थिक वर्षसंग तुलना गर्दा समग्रमा होटेलको आम्दानी गत वर्षको सोही अवधिको तुलनामा घटेको परिलक्षित भएतापनि स्तरोन्नतीका लागि बन्द रहेका कोठाहरु बाहेकका कोठाहरुको आम्दानीलाई मात्र औषत निकाली सोही अनुरुप विश्लेषण गर्ने हो भने यस आ.व. को प्रथम त्रैमासिक अवधिको कम्पनीको कार्य सम्पादन संतोषजनक छ ।

(ख) समिक्षा त्रैमासिक अवधिमा कम्पनीको मौज्दात, आम्दानी र तरलताको अवस्था सन्तोषजनक नै रहेको छ ।

(ग) आर्थिक वर्ष २०७४/०७५ को आगामी दोस्रो त्रैमासिक अवधिमा कम्पनीको व्यावसायिक गतिविधिहरुको सन्दर्भमा कम्पनीले कुल आय बृद्धि गर्नका लागि अपनाउनु पर्ने सबै व्यावसायिक रणनीतिक संयन्त्रहरुको समुचित सदुपयोग गर्दै होटेलको अक्यूपेन्सी बढाउने, उपलब्ध अत्याधुनिक प्रविधिका साधनहरुको प्रयोग लगायतका सबै उपायहरु अवलम्बन गरी आम्दानी अभिबृद्धि गर्नेछ भने होटेल संचालन लागतमा मितव्ययिता, नियन्त्रणात्मक कार्ययोजना अनावश्यक खर्च कटौतिलाई जारी राख्दै विविध बजारखण्डमा सुक्ष्म प्रवेश गर्दै आफ्ना व्यावसायिक गतिविधिहरु संचालन जारी राख्नेछ ।

(घ) कम्पनीले होटेल व्यवसायका विविध बजार खण्डहरुमा सशक्त बजार व्यवस्थापन तथा प्रवर्द्धन गर्ने कार्य निरन्तर रुपमा जारी राखेकोछ । कम्पनीले होटेल व्यवसायका विविध बजार खण्डहरुमा बजार व्यवस्थापन तथा प्रवर्द्धन गर्ने रणनीति सहित कर्पोरेट, सेमिनार, सभा, सम्मेलन र बैंक्वेट तथा व्यवसायको अन्य बजार अंशलाई शसक्तीकरणका साथ आकर्षित गर्दै समग्रमा व्यवसाय अभिबृद्धि गर्ने योजना अनुरुप कार्ययोजना लाई कार्यान्वयन गरी रहेको छ । कम्पनीले आगामी अवधिमा रणनीतिक रुपमा बजार व्यवस्थापन गर्ने, पर्यटन बजारको विविध खण्डहरुमा प्रवेश गरी पर्यटक आकर्षित गर्नेछ । साथै, होटेलको हिमालयन विंग भवनका कोठाहरुको स्तरोन्नति तथा भित्री साजसज्जा र पुर्ननिर्माण कार्य सम्पन्न भई कोठाहरुको व्यावसायिक प्रयोगमा ल्याई सकिनेछ ।

(ङ) समिक्षा अवधिमा कम्पनीको मौज्दात र नगद प्रवाह सम्बन्धमा गत वर्षको सोही त्रैमासिक अवधिको तुलनामा सन्तोषजनक छ । कम्पनीले समिक्षा त्रैमासिक अवधिमा व्यवस्थापकीय कार्य कुशलता सहित अधिकतम मितव्ययिता अपनाई प्रतिकुल परिस्थितिको प्रभावलाई अधिकतम न्यूनीकरण गर्दै कुशल व्यवस्थापकीय रणनीति अपनाउंदै सुक्ष्म व्यवस्थापनका साथै कम्पनीको मुनाफामा हुने ह्रासलाई तुलनात्मक रुपले कम गर्ने नीतिलाई निरन्तरता दिइनै राख्नेछ ।

## ३. कानुनी कारवाही सम्बन्धी विवरण

(क) आर्थिक वर्ष २०७४/७५ को प्रथम त्रैमासिक अवधिमा कम्पनीले कुनै मुद्दा दायर गरेको छैन र कम्पनी उपर पनि कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

(ख) आर्थिक वर्ष २०७४/७५ को प्रथम त्रैमासिक अवधिमा कम्पनीका संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन ।

(ग) आर्थिक वर्ष २०७४/७५ को प्रथम त्रैमासिक अवधिमा कम्पनीलाई कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

## ४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण

(क) शेयरको कारोबारमा हुने उतार चढाव खुल्ला बजारले प्रतिपादित गरेको मूल्य र मान्यता अनुरुप निर्देशित हुने गरेकोछ । शेयरको कारोबार सम्बन्धी विषयमा व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

(ख) कम्पनीको आर्थिक वर्ष २०७४/७५ को आश्विन मसान्त २०७४ मा अन्त्य भएको प्रथम त्रैमासिक अवधिमा प्रति शेयर रु. १०/– का दरको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबार संख्या देहाय बमोजिम रहेको छः–

| त्रैमासिक आ.व. २०७४/७५ (२०१७/१८) | शेयरको कारोबार – मूल्य (रु.) | | | कूल शेयरको कारोबार – दिन र संख्या | | |
|---|---|---|---|---|---|---|
| | अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार भएको कूल दिन | कारोबार संख्या | कूल कारोबार शेयर संख्या |
| प्रथम त्रैमासिक (२०७३ आश्विन मसान्त) | ४००/– | ३५०/– | ३७०/– | ५५ | ८४६ | ३९०,५२९ |

## ५. समस्या तथा चुनौती

(क) समस्याहरुः तथा चुनौतीहरुः

आन्तरिक

(१) यस कम्पनीमा आन्तरिक समस्या नरहेको ।

बाह्य:

(१) अप्रत्याशितरुपमा घटने पर्यटन प्रतिकूलताका राष्ट्रिय र अन्तर्राष्ट्रिय घटनाहरुको प्रभाव ।

(२) देशमा पर्यटन सम्बन्धी पर्याप्त भौतिक पूर्वाधारहरुको विकासको कमीबाट पर्ने नकारात्मक प्रभाव ।

(३) पर्यटकहरुको सुरक्षा, देशको आर्थिक र राजनैतिक अवस्था तथा सम्बन्धित बजार मुलुकहरुबाट जारी गरिने यात्रा प्रतिकूलता सम्बन्धी निर्देशनहरुबाट पर्ने प्रभावहरु ।

(४) विदेशी विनिमय दरमा (अमेरिकी डलर र यूरो) हुने अप्रत्याशित परिवर्तन ।

(५) उर्जा, बिद्युत, इन्धन तथा तत्सम्बन्धी औद्योगिक पदार्थमा हुने अप्रत्याशित उच्च मूल्य बृद्धि तथा उपभोग्य पदार्थको मूल्यबृद्धि र श्रम समस्याहरुबाट पर्ने प्रत्यक्ष र अप्रत्यक्ष प्रभावहरु ।

(६) पर्यटन उद्योगमा देखापर्ने औद्योगिक अशान्ति, अप्रत्याशित रुपमा हुने बन्द हडताल, आन्तरिक पर्यटन प्रवर्द्धनको कमी तथा सर्वसुलभ पर्यटकीय सार्वजनिक यातायातको अभाव तथा अन्तर्राष्ट्रिय हवाई सिट क्षमतामा न्यूनताबाट पर्ने प्रत्यक्ष र अप्रत्यक्ष प्रभावहरु ।

(७) देशमा अचानक आइपर्ने असहज परिस्थितिहरु, प्राकृतिक तथा दैवी विपदा तथा प्रकोपहरुको प्रभाव ।

(ख) **रणनीति**

सशक्त बजार व्यवस्थापन, होटेलका पाहुनाहरुलाई प्रदान गरिने गुणस्तरीय सेवा र सुविधाहरुको निरन्तर स्तरोन्नति । होटेलका सेवा सुबिधा सम्बन्धी भौतिक पूर्वाधार संरचनाहरुको स्तरबृद्धि वा प्रतिस्थापन गरी लक्ष्य अनुसारको पर्यटन व्यवसायको बजार बिस्तार गर्ने र होटेलले प्रदान गर्ने सेवाहरुलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप निरन्तर परिमार्जन गर्दै तद्नुरुप कायम राख्ने ।

## ६. संस्थागत सुशासन

### संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापनद्वारा चालिएका कदम सम्बन्धी विवरण

(क) कम्पनीको लेखापरीक्षण समितिले स्वतन्त्र आन्तरिक तथा वाह्य लेखा तथा व्यवस्थापकीय प्रतिवेदनहरुको त्रैमासिक पुनरावलोकन एवं समीक्षा गर्दै आवश्यक सुझाव सहित प्रतिवेदनमा उल्लेखित सिफारिशहरुको परिपालना भए नभएको अनुगमन समेत गर्दछ । लेखापरीक्षण समितिले कम्पनीको संचालक समिति समक्ष नियमित रुपमा प्रतिवेदन पेश गर्ने गर्दछ र यस सम्बन्धमा कम्पनीको संचालक समितिले समेत आवश्यक निर्देशन दिने गर्दछ ।

(ख) कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली अन्तर्गत होटेलको आफ्नै आन्तरिक लेखापरीक्षण विभाग समेत कार्यरत रहेको छ ।

(ग) कम्पनीको आन्तरिक लेखापरीक्षण छुट्टै स्वतन्त्र आन्तरिक लेखापरीक्षकबाट गरिन्छ जस्ले त्रैमासिक आन्तरिक लेखापरीक्षण प्रतिवेदन लेखापरीक्षण समिति समक्ष पेश गर्ने गर्दछ ।

(घ) कम्पनीले नियमनकारी निकायद्वारा जारी गरिएका नियम, विनियम र निर्देशनहरुको पूर्ण परिपालना सहित अन्य प्रचलित ऐन तथा कानून बमोजिम पुरा गर्नु पर्ने मापदण्डहरुको पूर्ण पालना गर्दछ ।

## ७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण

आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

---

अनुसूची १

# SOALTEE HOTEL LIMITED

## UNAUDITED FINANCIAL RESULTS

## AT THE END OF 30 SEPTEMBER 2017 (FIRST QUARTER) OF THE FISCAL YEAR 2074/075 (2017/18)

Rs. in '000

| PARTICULARS | Up to This Quarter ending 30 Sept. 2017 (Unaudited) | Up to Previous Quarter ending 31 June 2017 (Unaudited) | Up to this Quarter ending 30 Sept. 2016 (Unaudited) |
|---|---|---|---|
| **BALANCE SHEET AS AT 30 SEPTEMBER 2017** | | | |
| **CAPITAL AND LIABILITIES** | | | |
| **Share Capital** | 579,181 | 579,181 | 526,526 |
| Reserves and Retained Earnings | 832,703 | 809,047 | 768,355 |
| | 1,411,884 | 1,388,228 | 1,294,981 |
| **Secured Loans** | | | |
| Long Term Loans (Hire purchase) | 6,543 | 6,617 | 7,468 |
| **TOTAL** | **1,418,427** | **1,394,845** | **1,302,449** |
| **ASSETS** | | | |
| Fixed Assets (Net) | 731,382 | 618,763 | 671,666 |
| Capital WIP | 201,495 | 256,147 | 205,515 |
| Investments | 83,967 | 83,967 | 83,967 |
| Deferred Tax Assets | 45,461 | 45,825 | 45,825 |
| | **1,062,305** | **1,004,701** | **1,006,972** |
| **CURRENT ASSETS** | | | |
| Inventories | 76,707 | 65,566 | 60,030 |
| Sundry Debtors | 217,618 | 212,072 | 231,460 |
| Cash and Bank Balances | 114,392 | 126,499 | 262,392 |
| Call Account/Time Deposits | 135,841 | 195,354 | 157,199 |
| Prepaid, Advances, Loans & Deposits | 332,634 | 338,101 | 208,185 |
| **Total** | **888,191** | **937,592** | **919,266** |
| **LESS: CURRENT LIABILITIES AND PROVISIONS** | | | |
| Current Liabilities | 300,847 | 266,091 | 358,933 |
| Provisions | 259,112 | 312,491 | 267,037 |
| **Total** | **559,959** | **578,582** | **625,970** |
| **NET CURRENT ASSETS** | **328,233** | **359,010** | **293,296** |
| **DEFERRED EXPENDITURES** | **27,891** | **31,134** | **2,181** |
| **TOTAL** | **1,418,427** | **1,394,845** | **1,302,449** |
| **INCOME STATEMENT FOR THE PERIOD ENDED ON 30 SEPTEMBER 2017** | | | |
| **REVENUE** | | | |
| Revenue | 261,134 | 1,571,288 | 294,199 |
| **TOTAL** | **261,134** | **1,571,288** | **294,199** |
| **EXPENSES** | | | |
| Upkeep & Services | 10,779 | 52,124 | 9,582 |
| Consumption of Food, Provisions and Beverages | 48,594 | 272,341 | 54,064 |
| Salary, Wages and Other Employee's cost | 88,157 | 475,070 | 87,297 |
| Other Operation & Administration Expenses | 81,973 | 378,443 | 76,274 |
| **Profit from Operation** | **31,631** | **393,309** | **66,982** |
| Interest on Loans | 134 | 492 | 97 |
| (Profit)/Loss in Exchange | (131) | 9,958 | 63 |
| Deferred Expenses | 3,243 | 21,621 | 574 |
| Depreciation and Amortization | 23,104 | 88,125 | 19,154 |
| Dividend from investment (Net) | - | (700) | - |
| (Profit)/Loss on sale of Assets | - | (164) | - |
| Provision for Employees' Housing | 264 | 13,699 | 2,355 |
| Provision for Staff Bonus | 456 | 23,662 | 4,067 |
| **Profit before Taxation** | **4,560** | **236,617** | **40,673** |
| Provision for Tax | 1,025 | 53,648 | 9,143 |
| **Net Profit after Tax** | **3,535** | **182,969** | **31,530** |